REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date:02.10.2023

**गान्धी जयन्ती (नेश्नल)**

राष्ट्रले आज राष्ट्रपिता महात्मा गान्धीको एक सय चौबन्नौ जयन्तीमा उहाँप्रति श्रध्याञ्जली अर्पण गर्यो।

राष्ट्रिय राजधानी दिल्लीमा राजघाट स्थित बापूको समाधिमा सर्वधर्म प्रार्थना सभा आयोजन गरियो।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मू उपराष्ट्रपति श्री जगदीप धनखड़ र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज बिहम राजघाटमा महात्मा गान्धीप्रति पुष्पाञ्जली अर्पण गर्नुभयो।

पुष्पाञ्जली अर्पण गर्नेहरूमा श्री हरदीप सिंह पुरी, डा. जितेन्द्र सिंह, मीनाक्षी लेखी र काँग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड्गे सामेल हुनुहुन्थ्यो।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले आफ्नो सन्देशमा भन्नुभएको छ महात्मा गान्धीको सत्य र अहिंसाका आदर्शहरूले विश्वका लागि एउटा नयाँ मार्ग खुल्ला गर्यो।

श्रीमती मुर्मूले भन्नुभएको छ महात्मा गान्धीले जीवनभरि अहिंसाका लागि लड़न मात्र होइन उहाँले सवच्छता, महिला सशक्तिसरण, आत्मनिर्भरता र कृषकहरूको मुद्दा उठाउनुभयो अनि अस्पृश्यता सामाजिक भेदभाव र निरक्षरता विरूद्ध पनि लड़ाई लड़नुभयो।

उपराष्ट्रपति श्री जगदीप धनखड़ले भन्नुभएको छ महात्मा गान्धीको सत्य र अहिंसाको सिद्यान्त औपनिविश्क शासन विरूद्द स्वतन्त्रताका लागि भारतको संघर्षमा मार्गदर्शक रहेको छ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ महात्मा गान्धीका कालजयी शिक्षाले हामीलाई मार्गदर्शन गरिरहन्छ।

**गान्धी जयन्ती(स्टेड)**

यता राज्यमा पनि आज गान्धी जयन्ती मनाइयो।

गान्तोकको एम जी मार्ग स्थित महात्मा गान्धीको शालिगमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्य र मुख्यमन्त्री श्री प्रेमसिंह तामङले राष्ट्रपिताप्रति श्रध्यासुमन अर्पण गर्नुभयो।

कार्यक्रममा मंत्रीगण, विधायकवर्ग र अन्य गन्यमान्य व्यक्तिहरूले महात्मा गान्धीप्रति पुष्पाञ्जली अपर्ण गरे।

यस अवसरमा स्वच्छतामाथि प्रोत्साहित गर्न राज्य सरकारद्वारा तीन शीर्ष स्थानीय शहरी निकाय र ग्राम पञ्चायतलाई पुरस्कृत गर्ने क्रममा स्थानीय निकाय वर्गमा मंगन नगर पञ्चायतलाई पहिलो , रम्फू नगर पञ्चायतलाई दोस्रो र सिङताम नगर पञ्चायतलाई तेस्रो स्थान प्राप्त भएको छ।

पुरस्कारको रूपमा दस लाख, सात लाख र पाँच लाख रूपियाँ प्रदान गरियो।

यसरी नै स्वच्छ गाउँ वर्गमा पाकिम जिल्ला अन्तर्गत लिङ्गताम फदामचे ग्राम पञ्चायत इकाई प्रथम गान्तोक जिल्ला अधिन रोङ्गे ताथङचेन ग्राम पञ्चायत इकाई द्वितीय अनि सोरेङ जिल्लाको गेलिङ बैगुने ग्राम पञ्चायत इकाई र नाम्ची जिल्ला अन्तर्गत सङ्गनाथ ग्रामपञ्चायत इकाई तेस्रो भए ।

यस वर्गमा पुरस्कार स्वरूप पाँच लाख तीन लाख र एक एक लाख रूपियाँ नगद राशि प्रदान गरिएको छ।

पोहोर साल सरह यस वर्ष पनि सरसफाई तथा स्वच्छता कार्यम उत्कृष्ट प्रदर्शन गर्ने विभिन्न सात नगर निगमका सातजना सफाईमित्रहरूलाई पनि सम्मानित गरियो।

**लाल बहादुर शास्त्री**

देशले आज पूर्व प्रधानमन्त्री लालबहादुर शास्त्रीलाई पनि उहाँको जयन्तीमा समरण गर्यो।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मू उपराष्ट्रपति श्री जगदीप धनखड़ र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा लाल बहादुर शास्त्रीको स्मारक विजय घाट  गएर उहाप्रति पुष्पाञ्जली अर्पण गर्नुभयो।

प्रधानमन्त्रीले भन्नुभएको छ लाल बहादुर शास्त्रीको सरलता राष्ट्रप्रति समर्पण र जय जवान जय किसानको प्रतिष्ठित आह्वानले आज पनि पीढि र दर पीढ़िलाई प्रेरित गर्छ।

**गभर्नर एसटिएनएम**

यसैबीच महात्मा गान्धी र लाल बहादुर शास्त्रीको जयन्तीमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले एसटिएनएम अस्पताल सोच्याकगाङको भ्रमण गरी रोगीहरूसित भेट गर्नुभयो।

उनीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै श्री आचार्यले उपचाराधीन रोगीहरूलाई फल पोषणयुक्त आहार तथा उपहार वितरण गर्नुभयो।

अस्पतालमा राज्यपाललाई चिकित्सा अधीक्षक डा. रूथ योञ्जन र वरिष्ठ चिकित्सकहरूसँगै स्वास्थ्य तथा परिवार कल्याण मन्त्री श्री कुङ्गा निमा लेप्चाले स्वागत गर्नुभयो।

**नन् भाइयोलेन्स डे**

आज अन्तर्राष्ट्रिय अहिंसा दिवस हो।

महात्मा गान्धीको जन्मदिन दुई अक्तुवरमा यो दिवस मनाइन्छ।

यस उपलक्ष्यमा आज राज्यका दुईवटा राजनीतिक दल सिटिजन एक्शन पार्टी र सिक्किम क्रान्तिकारी मोर्चाले शान्त कायम राख्ने दिशातर्फ एउटा उदाहरणीय पहल गरे।

शान्ति सन्देशको ज्ञापन लिएर पार्टी प्रवक्ता श्री महेश राईको नेतृत्वमा सिटिजन एक्शन पार्टीका प्रतिनिधिहरूलाई गान्तोकको तिब्बत पथ स्थित एसकेएम पार्टी मुख्यालयमा महासचिव( मुख्यालय) श्री पवन गुरूङ र अन्य सदस्यहरूले स्वागत गरे।

सौहार्द पूर्ण भेटघाटको क्रममा कथित राजनीतिक हिंसामा घटनाहरूको साटो शान्ति र अहिंसा कायम हुनुपर्ने आवश्यकतामाथि जोड़ दिइयो।

**ब्याडमिनटन**

तेस्रो राज्यपाल कप राज्य ब्याडमिन्टन च्याम्पियनशीप 2023 ले राजभवनमा आजदेखि शुरू भएको छ।

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले यसको उद्घाटन गर्नुभयो।

तीन दिने लामो टुर्नामेण्टको आयोजना सिक्किम ब्याडमिन्टन संघसित मिलेर राजभवन सचिवालयले गरिरहेछ।

टुर्नामेन्टमा केन्द्र र राज्य सरकारका अधिकृतहरू भारतीय सेना कर्मीहरू र ग्रामीण तथा शहरी निकायका सदस्यहरूको प्रतिष्पर्दा हुनेछ।

**फुटबल**

बाप्तिस चर्च गान्तोक नवौं सिक्किम इन्टर चर्च फुटबल टुर्नामेण्टको च्याम्पियन भएको छ।

हिजो साँझ पाल्जोर स्टेडियममा फ्लडलाइट मा भएको प्रतिष्पर्धात्मक फाइनल म्याचमा यस टीमले इ पि सि एस साङ्गलाई टाइब्रेकरमा पाँचको विरूद्ध छ गोलले प्ररास्त गर्यो।

यस अवसरमा मुख्य मन्त्री श्री प्रेमसिंह तामङ मुख्य अतिथि हुनुहुन्थ्यो।

बिजेता दललाई ट्रफी सहित तीन लाख रूपियाँ नगद राशि र उपविजेता टीमलाई दुई लाख रूपियाँ प्रदान गरियो।

सिक्किम क्रिश्चियन स्पोर्टस् कमिटिद्वारा आयोजित तेह्र दिवसीय टुर्नामेण्ट छिमेकी दार्जिलिङ र कालेबुङका एक एक गरी राज्यका जम्मा अड़तीस् टीमले भाग लिए।

कराते

उन्नाइसौं राज्य करातेे च्याम्पियनशीपको 2023 को ट्रफी गान्तोक जिल्लाले प्राप्त गरेको छ।

पाल्जोर स्टेडियमको इन्डोर जिम्नासियम हलमा हिजो भएको फाइनलमा गान्तोक जिल्लाले गेजिङ जिल्लालाई परास्त गर्यो।

सिक्किम राज्य करातेको संघद्वारा आयोजित च्याम्पियनशीपमा राज्यको सबै जिल्लाका जम्मा तीन सय पचास करातेे खेलाड़ीहरूले भाग लिए।